**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०२ अक्टुबर २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. देशका जनताले आज राष्ट्रपिता महात्मा गान्धीलाई उहाँको १५५ औँ जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गरेका छन्।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले आज झारखण्डको हजारीबागमा 83 हजार 300 करोड रुपियाँका धेरै परियोजनाहरूको शिलान्यास तथा उद्घाटन गर्नु भयो।

३. पश्चिम बङ्गाल सरकारको मालिक वर्गलाई ४ अक्टोबर भित्रमा १६ प्रतिशत बोनस जारि गर्ने निर्देशको विरोधमा आज दार्जिलिंगमा श्रमिक संगठनहरुले ठुलो विरोध रेली निकालेका थिए

४. महात्मा गान्धी जयन्तीको अवसरमा दार्जिलिंगमा १०० जना भन्दा बेसी मानिस हरुले रक्तदान गरे

५. खरसाङ महुकुमा अन्तर्गत सिटोंग ग्राम पंचायातको मामरिङ तोरयोक उच्चात्तर माध्यमिक विद्यालयमा स्वच्छता ही सेवा अभियान अन्तर्गत विभिन्न कार्यक्रमहरु सम्पन्न गरिएको छ्य

**गान्धी जयन्ती**

देशका जनताले आज राष्ट्रपिता महात्मा गान्धीलाई उहाँको १५५ औँ जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गरेका छन्। देशभरि अनि विदेशमा रहेका भारतीय दूतावासहरुमा आज धेरै कार्यक्रमहरुको आयोजना गरिएको थियो। राष्ट्रिय राजधानी दिल्लीको राजघाटस्थित बापूको समाधिमा आज बिहान सर्वधर्म प्रार्थना सभाको आयोजना गरिएको थियो। राष्ट्रपति द्रौपदी मुर्मुए उपराष्ट्रपति जगदीप धनखडए प्रधानमन्त्री नरेन्द्र मोदीए लोकसभा अध्यक्ष ओम बिरलाए कैयौं केन्द्रीय मन्त्रीहरू तथा लोकसभाका विपक्षी नेता राहुल गान्धीले राजघाटमा महात्मा गान्धीको समाधिमा पुष्पहार अर्पण गर्नु भयो। ताजा समाचार अनुसार नेपालको राजधानी काठमांडौ स्थित भारतीय दुतावासमा भव्य रूपले गांधी जयन्ती पालन गरियो। यस अवसरमा भारतका राजदूत नवीन श्री वास्तवले महात्मा गांधीलाई श्रदा सुमन अर्पण गर्नुभयो। यस अवसरमा काठमांडौमा रहेका प्रवासी भारतयहरू तथा स्थानीय प्रतिष्ठित व्याक्तिहरूको उपसिति रहेको थियो।

****** ० ******

**प्रधानमंत्री- झारखंड**

प्रधानमंत्री नरेंद्र मोदीले आज झारखंडको हजारीबागमा 83 हजार 3 सय करोड़ रुपियाँको विभिन्न परियोजनाहरुको शिलानियास अनि उत्घाटन गर्नु भयो । यी परियोजनाहरुमा धरती आबा जनजातीय ग्राम उत्कर्ष अभियान समिल छन्, जसको कुल लागत 79 हजार एक सय 50 करोड़ रूपए रहेको छ। यी परियोजनाहरुमा प्रधानमंत्री जनजातीय आदिवासी न्याय महाभियान अंतर्गत आउने कार्य पनि शामिल छन्। प्रधानमंत्रीले 40 एकलव्य विद्यालयहरुको लोकार्पण पनि गर्नुभयो साथै 25 एकलव्य विद्यालयको आधारशिला पनि राख्नुभयो। यस अवसरमा हज़ारीबाग़को विनोबा भावे विश्वविद्यालयको परिसरमा मनिसहरुलाई संबोधित गर्नुहुदै, प्रधानमंत्री नरेंद्र मोदीले यी विभिन्न परियोजनाहरुले आदिवासी समुदायलाई सशक्त बनाउन अनि राज्यभरमा ग्रामीण बुनियादी ढांचालाई बढ़ाउने प्रयासहरुलाई महत्वपूर्ण रूपले बढ़ावा दिने बताउनु भयो। श्री मोदीले देशको जनजातीय समुदायलाई विकसित अनि सशक्त नबनाई विकसित भारतको सपना पूरा नहुने पनि बताउनु भयो। प्रधानमंत्रीले यी परियोजनाहरु बाट 5 करोड़ भन्दा बडी आदिवासी मानिसहरुलाई लाभ हुने बताउनु भयो । श्री मोदीले आदिवासी कल्याण सरकारको सर्वोच्च प्राथमिकताहरु मध्ये एक

रहेको पनि बताउनुभयो । प्रधानमंत्रीले धरती आबा जनजातीय ग्राम उत्कर्ष अभियान एक महत्वपूर्ण पहल रहेको जसको उद्देश्य आदिवासी गाउँहरुको समग्र विकासलाई बढ़ावा दिन अनि क्षेत्रको सामाजिक-आर्थिक परिदृश्यमा अहम परिवर्तन ल्याउनु हो।

****** ० ******

**अश्विनी वैष्णव**

कोलकत्ताको स्यल्दा रेलवे स्टेसनका पाँच वटा प्लेटफमहरुको विस्तार गरिएको छ| यी प्लेटफमहरुमा 12 कोच भएका EMU लोकल ट्रेनहरु रोकिने छन्| प्लेटफम 1,2,3,4,5 लाई विस्तारित गरिएको छ| त्यसका साथै स्यल्दामा रेलकोच रेस्टुरेन्टको पनि उत्घाटन गरिएको छ| यसै क्रममा 12 कोच भएको सियाल्दा – रनाघट EMU ट्रेन परिचालन हरियो झन्डा देखयेरा आज बाट सुरु गरियो| यसै गरी आजिमगंज- कसीमबजार मेमो ट्रेन, कृष्णनगर- अजिमगंज पेसेन्जर ट्रेन तथा राधिकापूर आनन्दबिहार टर्मिनल एक्सप्रेस ट्रेनको शुभारम्भ रेल तथा सूचना एवम् प्रशारण साथै इलेक्ट्रोनिक र सूचना प्रधोगिकी मन्त्री अश्विनी वैष्णवले गर्नु भयो| यस अवसरमा बोल्दै मन्त्री मोहदयले भन्नुभयो नरेन्द्र मोदी सरकार पश्चिम बंगलमा रेल सम्पर्कलाई ठप बलियो बनाउन समर्पित रहेको छ| भिडियो कन्फरेन्स मार्फत रेल मन्त्रीले प्लेटफमको विस्तार, रेलकोच रेस्टुरेन्टको उत्घाटन तथा विभिन्न ट्रेनहरुलाई हरियो झन्डा देखाएर शुभारम्ब गर्नु भएको हो|

****** ० ******

**ममता बेनर्जी/ श्रद्धांजलि**

आज गांधी जयंतीको अवसरमा मुख्यमंत्री ममता बेनर्जीले महात्मा गांधी प्रति श्रद्धांजलि अर्पित गर्नुहुदै उहाँको अहिंसा, सत्य अनि एकताको शिक्षाले हामीलाई हर दिन प्रेरित गरेको बताउनु भयो।

****** ० ******

**जुनियर डाक्टर**

महलयाको दिन आज कोलकातामा जुनियर डाक्टरहरूले महा ऱ्याली निकालेका थिए। कलकत्ताको सेन्ट्रल एभिन्यूमा ऱ्याली गर्दै प्रदर्शनकारीहरूले केन्द्रीय अन्वेषण एजेन्सी (सीबीआई) ले आर जी कर मेडिकल कलेज तथा अस्पतालको जुनियर डाक्टरको बलात्कार तथा हत्या मामिलाको अनुसन्धानमा ढिलाइ गरेपछि डाक्टरहरु आक्रोशित भएर सीबीआईको विरोधमा नारा लगाएका थिएद्य यस ऱ्यालीमा समाजक सबै वर्गका मानिसहरुको सहभागिता रहेको थियो।

****** ० ******

**दार्जिलिंग चिया श्रमिक रैली**

पश्चिम बंगालको श्रममंत्रालय तथा चियाबगान मालिक वर्ग र चिया श्रमिकसंगठनहरू बीचोक 20 प्रतिशत बोनसको मांगमा सहमति नबनेपछि, श्रममंत्रालयले मालिक वर्गलाई पाहाड़का चिया श्रमिकहरूलाई 4 अक्टूबर भित्रमा 16 प्रतिशत बोनस जारी गर्ने निर्देश दिएको छ। तर सरकारको यस निर्णयको विरोधमा पाहाड़का चिया श्रमिक संगछनहरूले आज दार्जिलिंगमा ठूलो विरोध रैली निकाली बजारमा यातायात अवरूद्ध गरेका थिए भने खरसांग र मिरिकमा पनि श्रमिकहरू सड़कमा ओर्लेर र विरोध गरे अनि केही बेरका लागि सड़क अवरूद्ध गरे। श्रमिकहरू 20 प्रतिशत बोनसको मागमा अढिग छन् भने पश्चिम बंगाल सरकारले तराई डुवर्स सरह नै दार्जिलिंग पाहाडका श्रमिकहरूले 16 प्रतिशत बोसन पाउने र उत्तरबंगालमा चिया श्रमिकहरूको बोनस समान रहने आफ्नो अड़ान स्पष्ट गरेकोछ।

अर्को तीर भारतीय जनता पार्टी तथा स्थानीय प्रायःसबै राजनीतिक दलहरूले पाहाडको जनजीवन मधेश भन्दा कठिन रहेको र महंगो रहेकोले 20 प्रतिशत बोसन हुनु पर्ने किटान गर्दै श्रमिक आन्दोलनलाई समर्थन गरि रहेका छन्। दशैंको मुखमा श्रमिकहरूको आन्दोलनले पाहाड़मा दुर्गा पूजा तथा व्यवसाय र अर्थतंत्र सबैलाई निकै प्रभावित बनाएकोछ।

## स्वच्छता ही सेवा मामरिङ तोरयोक

खरसाङ महकुमा अन्तर्गत सिटोङ दुई ग्राम पञ्चायतको मामरिङ तोरयोक उच्चत्तर माध्यमिक विद्यालयमा **स्वच्छता ही सेवा** अभियान अन्तर्गत विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएको छ। आकाशावाणी खरसाङ र मामरिङ तोरयोक उच्चत्तर माध्यमिक विद्यालयको संयुक्त आयोजनामा सम्पन्न उक्त स्वच्छता ही सेवा पखवाड़ा कार्यक्रममा विद्यार्थीहरूलाई लिएर विभिन्न कार्यक्रमहरू आयोजना गरिएको छ। 17 सेप्टेम्बरदेखि 2 अक्टोबरसम्म चलेको **स्वच्छता ही सेवा** अभियान अन्तर्गत मामरिङ तोरयोक उच्चत्तर माध्यमिक विद्यालयमा विद्यार्थीहरूलाई लिएर **हाजिरी जवाब** प्रतियोगिता आयोजना गरिएको थियो। जसलाई आकाशवाणी खरसाङको प्रसारण निष्पादिका योजना मोहोराले सञ्चालन गरेकी थिइन्। कार्यक्रममा विद्यार्थीहरूले कविता वाचन पनि गरेका थिए। **हाजिरी जवाब** प्रतियोगितामा सहभागी विद्यार्थीहरूलाई प्रमाण पत्र वितरण गरिएको थियो। यसको साथै विद्यालय परिसरमा वृक्ष रोपणको कार्य पनि गरिएको थियो। कार्यक्रममा **स्वच्छता ही सेवा** अभियान विषयमा आकाशवाणी खरसाङको कार्यक्रम प्रमुख पारसचन्द्र आलेले सम्भाषण राख्नु भएको थियो। त्यसरी नै विद्यालयको पक्षबाट प्रधान अध्यापक किरण लामाले वक्तव्य राख्नु भएको थियो। देशभरि चलिरहेको स्वच्छता ही सेवा अभियान अन्तर्गत मामरिङ उच्चत्तर माध्यमिक विद्यालयमा भएको कार्यक्रमलाई आकाशवाणीको तर्फबाट प्रसारण निष्पादक मनन तामाङ अनि विद्यालयको पक्षबाट एकजना सह शिक्षक सञ्चालन गरेका थिए। यस कार्यक्रममा आकाशावाणी खरसाङको तर्फबाट कार्यक्रम प्रमुख पारसचन्द्र आलेको अगुवाईमा टोली नै विद्यालय गएका थिए। मामिरङ तोरयोक उच्चत्तर माध्यमिक विद्यालयमा आयोजित **स्वच्छता ही सेवा** अभियान अन्तर्गत सम्पन्न कार्यक्रमको विषयमा आकाशवाणी खरसाङको कार्यक्रम निष्पादक राजीव सुब्बावे पत्रकारहरूसित कुराकानी गर्दै विस्तृत रुपमा जानकारी गराउनु भएको छ।

****** o ******

## दार्जिलिंग रक्तदान

महात्मा गाँधी जयन्तीको अवसरमा दार्जिलिंगमा 100 जना भन्दा बढीले रक्तदान गरे। रक्तदान गर्नेहरूमा युवा विद्यार्थिहरूको संख्या निकै थियो। विद्यार्थीहरूमा छात्र-छात्राहरूको सहभागिता उल्लेखनीय थियो भने कैयन संघ-संस्थाहरूका कार्यक्रताहरूले पनि उत्सुकता साथ रक्तदान गरे। यस अवरमा स्वच्छता नै सेवा अभियानका समाचार विभागका जीटीए क्षेत्रका लागि नोडल अधिकारी तथा आकाशवाणी क्षेत्रिय समाचार एकांशका समाचार प्रमुख अशोक चौरसियाले पनि रक्तदान गरे। यस रक्तदान कार्यक्रमको आयोजना दार्जिलिंग महाकाल मन्दिर परिचालन समितिले गरेको थियो भने रोटरी क्लब सिलीगुड़ीले तकनीकि सहायता प्रदान गरेको थियो। मीडिया सहभागिको रूपमा आकाशवाणी खरसांग समाचार एकांश रहेको थियो। यस रक्तदान शिविरका संयोजक तथा महाकाल मन्दिर परिचालन समितिका उपाध्यक्ष सुबास राईले मारवाड़ी सहायक समितिमा आजोजित यस रक्तदान शिविरमा 11 भन्दा बढी संघ संस्थाहरू र कतिपय स्कूल कलेजले वर्षनै महात्मा गाँधीको जयन्तिमा यस रक्तदान शिविरमा सहयोग पुर्याउँदै आएको बताउनु भयो। उहाँले यस पाली 106 युनिट रक्तदान गरिएको जसमा 46 युनिट सिलीगुड़ी रोटरी क्लबलाई अनि 60 युनिट दार्जिलिंग जिल्ला अस्पताललाई प्रदान गरिने बताउनु भयो।

****** o ******

## रिम्बिक स्वच्छता अभियान

महात्मा गाँधीको जन्म जयन्ती गोर्खाल्याण्ड क्षेत्रीय प्रशान इलाकामा पालन गरियो। दार्जिलिंगको चौरस्ता क्षेत्रमा रहेको महात्मागाधीको मुर्तीमा माल्यार्पण गरियो। दार्जिलिंगका स्कूल कलेजहरूमा पनि गाँधी जयन्ती पालन गरि श्रद्धाञ्जली अर्पित गरि आज सफाई अभियान गरिएकोछ भने लामाहाटामा साफसफाई गरियो। आज गान्धी जयन्तीको अवसर पारेर आकाशवाणी खरसाङ न्युज युनिटको निर्देशनमा रिम्बिक लोधोमाको लिङसेबुङमा तामाङ गाँउ नव समाज अनि स्वनिर्भर समूहका सदस्यहरू मिलेर स्वच्छता नै सेवा हो भनेर आफ्नो गाउँको सर सफाई अभियान गरेका छन्। उक्कत अभियानमा खहरे खोलादेखि मचुङगे

खोलासम्मको लगभग एक किलोमिटर सडक परिसर अनि गाउँ परिसर सरसफाई गरियो। यस सफाई अभियान निरन्तर गरिने समाजका सदस्यहरूले प्रतिबद्धता दोहृाएका छन्।

****** ० ******

**नगरकट्टा**

नगरकट्टाको ग्रासमोर चिया बगानका चिया श्रमिकहरुले १६ प्रतिशत पूजा बोनसको माग गर्दै विरोध प्रदर्शन गरेका थिए। बगान प्रबन्धकले १० प्रतिशत बोनस दिएका थिए भने चिया श्रमिक १६ प्रतिशत बोनसको मागी रहेका छन्। यस विषयमा बिहानै कारखाना अगाडि जम्मा भएका चिया श्रमिकहरुले बगान प्रबन्धक भास्कर चक्रवर्तीलाई घेरेर प्रदर्शन गरेका थिए। श्री चक्रवर्तीले छिट्टै समस्या समाधान गर्ने आश्वासन दिनु भएको छ।

****** ० ******